# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, आषाढ ३० गते २०२३ साल [ अतिरिक्ताङ्क १४

### श्री ५ को सरकार
### प्रचार प्रसार मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको छापाखाना र प्रकाशन रजिष्ट्रेशन (तेस्रो संशोधन) नियमावली, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

छापाखाना र प्रकाशन रजिष्ट्रेशन नियमावली, २०२० (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियम बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "छापाखाना र प्रकाशन रजिष्ट्रेशन (तेस्रो संशोधन) नियमावली, २०२३" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम ७ क. मा संशोधनः– मूल नियमावलीको नियम ७ क. को उप–नियम (२) मा रहेको "पटक पटक गरी वा एकै पटक तीन महीनासम्मको" भन्ने शब्दहरूको सट्टा "पटक पटक गरी वा एकै पटक एक वर्ष तीन महीना सम्मको" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले–
रामचन्द्र मल्होत्रा
श्री ५ को सरकारको का. मु. सचिव ।



श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

225

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2८०